# लोक सेवा आयोग

राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव वा सो सरह (अप्राविधिक) पदको

खुला प्रतियोगितात्मक (संयुक्त) लिखित परीक्षा

मितिः २०८२/९/६

समयः ३ घण्टा | पूर्णाङ्कः १००

पत्रः द्वितीय

विषयः सार्वजनिक क्षेत्र व्यवस्थापनमा जवाफदेहिता, नैतिकता र व्यावसायिकता

(Public Accountability, Ethics and Professionalism in Public Sector Management)

**तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।**

१. हाम्रा पूर्वजले परम्परादेखि अनुशरण गर्दै आएका पूर्वीय दर्शनमा आधारित मूल्यमान्यतामा नैतिकता र सदाचारलाई महत्त्वपूर्ण स्थान दिइएको छ। समय क्रममा आध्यात्मिक धरातलमा विकास भएको सदाचार प्रणाली क्रमशः कमजोर भएकोले सार्वजनिक जीवनका सबै क्षेत्रमा प्रतिकूल असर परेको पाइन्छ। व्यक्तिगत हितलाई वृहत्तर सार्वजनिक हितको मातहत राख्ने चिन्तनभन्दा व्यक्तिगत स्वार्थलाई सर्वोपरी ठान्ने सोंच अधिक बलशाली भएको छ। यसले गर्दा सार्वजनिक जीवनका प्रणालीहरू खजमजिएका छन्।

नैतिकता, सदाचार, पारदर्शीता, तटस्थता, कानूनको पालना, जवाफदेहिता सार्वजनिक प्रशासनका मार्गदर्शक सिद्धान्त हुन्। यी सिद्धान्तको अनुशरणले सार्वजनिक प्रशासन कर्तव्यनिष्ठ, अनुशासित, विवेकशील, विनयशील र नागरिकमैत्री हुन्छ भन्ने मान्यता हो। यस पृष्टभूमिमा नेपालको सार्वजनिक प्रशासनको मूल्याङ्कन गर्ने हो भने यसले जनताको सुशासनको चाहनालाई पूरा गर्न सकेको पाइदैन। भ्रष्टाचार र दण्डहिनताले सीमा नाघेको अवस्था छ। तर केही अपवाद बाहेक भ्रष्टाचारको अभियोगमा सामान्य मानिस समातिने गरेका र तिनैमात्र कारबाहीमा परेका छन्। शक्तिशाली व्यक्तिहरूले उन्मुक्ति पाएझैं देखिन्छ। पछिल्लो समयमा पनि ठूलाठूला भ्रष्टाचार र अनियमितताका काण्डहरू चर्चामा छन्। तिनमा नीतिगत भ्रष्टाचार र स्वार्थको द्वन्द्व देखिने निर्णयहरू पनि पर्दछन्। यस्ता काण्डमा उच्चतहका नीति निर्माताहरू, व्यवसायी र प्रशासनका पदाधिकारीको गठजोड (Alliance) भएको बताइन्छ।

देशमा सुशासन बहालीका निमित्त धेरै प्रयासहरू भएका छन्। सार्वजनिक क्षेत्र सुधार कार्यक्रमहरू लागू नभएका होइनन्। सुशासन ऐनलगायत विभिन्न क्षेत्रगत ऐन, नियम, निर्देशिका, आचारसंहिता, कार्यविधि आदि लागू भएका छन्। नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, व्यवस्थापन परीक्षण, सामाजिक परीक्षण इत्यादि धेरै प्रकारका जवाफदेहिता उपकरणहरू(Accountability Tools) को प्रयोग पनि भइरहेको छ। यस्तैगरी नियमन र अनुगमन गर्ने शक्तिशाली निकायहरूको पनि व्यवस्था छ। तालिम प्रदायक संस्थाहरूले नैतिकता, सदाचार, जवाफदेहिता जस्ता विषयमा प्रशिक्षण दिइरहेकै पाइन्छ। यति हुँदाहुँदै पनि कर्मचारीको बानी, व्यवहार र चरित्रमा खासै परिवर्तन आएको पाइदैन।

उपर्युक्त पृष्ठभूमिमा नेपालको सार्वजनिक क्षेत्रमा नैतिकता र सदाचार सम्बन्धी मुख्य समस्या पहिचान गरी राजनीतिक नेतृत्व र राष्ट्रसेवक कर्मचारीमा नैतिकता र सदाचार प्रवलीकरण गर्नका लागि कार्यान्वयनयोग्य सुझाब दिई ती सुझाब कार्यान्वयन गर्ने कार्ययोजनासमेत प्रस्तुत गर्नुहोस्। ८+१०+७=२५

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार तथा अनियमितता सम्बन्धमा परेका उजुरीहरूको छानविन तथा अनुसन्धानबाट देखिएका तथ्यहरू र भ्रष्टाचार तथा सुशासन प्रबर्द्धनका क्षेत्रमा आयोगबाट भएका अध्ययन अनुसन्धान र सरोकारवाला निकायसँग गरेका अन्तरकृया/छलफलका निष्कर्षसमेतका आधारमा आफ्ना वार्षिक प्रतिवेदनहरूमा भ्रष्टाचारजन्य कार्यको प्रवृत्ति विश्लेषण समावेश गर्ने गरेको छ। भ्रष्टाचारजन्य यस्ता प्रवृत्ति केलाउँदा सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, गैरकानूनी लाभ वा हानी, रिसवत लिने/दिने, गैरकानूनी सम्पत्ति आर्जन गर्ने जस्ता कार्यहरू अधिक रुपमा हुने गरेको देखिन्छ भने झुठा विवरण पेश गरी सरकारी नियुक्ति लिने, सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा दर्ता गर्ने, बद्नियतपूर्वक व्यक्तिगत लाभका लागि सार्वजनिक खरिद तथा निर्माणका काम गरी नेपाल सरकारलाई हानी पुऱ्याउने, गलत लिखत वा प्रतिवेदन बनाउने, कागजात सच्याउने, परीक्षाको गोपनियता भङ्ग गरी परिणाम फेरबदल गर्ने जस्ता प्रवृत्तिसमेत देखिएका छन्।

भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई प्राप्त संवैधानिक तथा कानूनी अधिकार बमोजिम आयोगले प्राप्त उजुरीको अनुसन्धान तहकिकात पश्चात् विगत पाँच वर्ष अर्थात् आ.व. २०७७/७८ देखि २०८१/८२ सम्म क्रमशः ११३, १३१, १६२, २०१ र १३७ वटा मुद्दा विशेष अदालतमा दायर गरेको देखिन्छ। आ.व. २०८१/८२ मा मुद्दा दायर गरिएको संख्यामा केही कमी देखिएतापनि यस वर्ष ७५३ जनालाई प्रतिवादी बनाइएकोमा सबैभन्दा बढी अर्थात ५२% राष्ट्रसेवक कर्मचारी रहेका छन्। अर्कोतर्फ मुलुक संघीय प्रणालीमा रुपान्तरण भई ७५३ स्थानीय तह स्थापना भएपश्चात् आयोगमा दर्ता हुने कूल उजुरीमध्ये स्थानीय तहका विभिन्न विषयक्षेत्रसँग सम्बन्धित उजुरीहरूको संख्या बढ्दै गएको देखिन्छ। आयोगमा अघिल्लो आ.व. बाट जिम्मेवारी सरेर आएका र आ.व. २०८१/८२ मा परेका कूल उजुरीमध्ये १९९३३ अर्थात ५३.८४% उजुरी स्थानीय तहसँग सम्बन्धित रहेका छन्।

यसैगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ को उपदफा (ख) मा मन्त्रिपरिषद् वा त्यसको कुनै समितिले सामुहिकरुपमा गरेको नीतिगत निर्णय सम्बन्धमा आयोगले कुनै कारवाही नगर्ने प्राबधान छ। यस व्यवस्थाको दुरुपयोग देखिने गरी बदनियतसाथ मन्त्रालयबाट गर्न सकिने नियमित प्रशासनिक र सार्वजनिक खरिदसम्बन्धी विषयलाई समेत मन्त्रिपरिषद्बाट निर्णय गराई नीतिगत निर्णयको आवरणमा अनुसन्धानबाट उम्कने प्रवृत्ति देखिएको व्यहोरासमेत आयोगले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ।

माथिको वस्तुस्थितिका आधारमा देहायका प्रश्नहरूको उत्तर दिनुहोस्। ५+६+७+७=२५

(क) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रयासका बाबजुद माथि उल्लेख भए जस्ता भ्रष्टाचारजन्य कार्यहरूमा अपेक्षितरुपमा किन कमी आउन सकेको छैन ? कारण पहिचान गर्नुहोस्।

(ख) नीतिगत निर्णयको आवरणमा हुने भ्रष्टाचारजन्य कसूरको नियन्त्रणको लागि के-कस्तो कानूनी व्यवस्था र रणनीति (Strategy) अपनाउनु पर्ला ? उल्लेख गर्नुहोस्।

(ग) स्थानीय तहमा हुने गरेको भ्रष्टाचारको कारण पहिचान गरी निवारणका लागि सुझाब दिनुहोस्।

(घ) भ्रष्टाचार निवारणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई प्रभावकारी बनाउन के गर्नुपर्ने ठान्नुहुन्छ ? सुझाब प्रस्तुत गर्नुहोस्।

३. सुशासनको महत्त्वपूर्ण जगको रुपमा रहेको सार्वजनिक जवाफदेहिता (Public Accountability) र जिम्मेवारी (Responsibility) लाई सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ ले उच्च प्राथमिकता दिँदै कानूनी रुपमा बाध्यकारी बनाएको छ। प्रशासनिक कार्य सञ्चालन गर्दा निश्चित कार्यविधि अवलम्बन गरेर निश्चित समयभित्र निर्णय गर्नुपर्ने, निर्णय गर्दा आधार र कारण खुलाउनु पर्ने, कार्य प्रणाली पारदर्शी हुनुपर्ने, स्वार्थ बाझिएका निर्णय गर्न नहुने, आफूलाई तोकिएको जिम्मेवारी पन्छाउन नहुने जस्ता बाध्यकारी व्यवस्था पनि यस ऐनले गरेको छ। त्यसैगरी कार्यसम्पादनमा शीघ्रता, सहजता र पारदर्शीता कायम गर्न मन्त्री देखि कार्यालय प्रमुखसम्म हरेक पदको कार्य जिम्मेवारीसमेत ऐन मै तोकिएको छ। यसका अतिरिक्त जनतालाई उपलब्ध गराउने सेवा प्रवाहमा जनसहभागिताको सुनिश्चितताको साथै सार्वजनिक सुनुवाई गर्नुपर्ने, न्यायोचित सेवा शुल्क निर्धारण गर्नुपर्ने, निश्चित समयमा सेवा उपलब्ध गराउनु पर्ने, गुनासो सुनुवाई र यसको व्यवस्थापन जस्ता सेवा प्रवाहका आधारभूत पक्षहरूलाई पनि कार्यसञ्चालनका बाध्यकारी आधारका रुपमा सुशासन ऐनले समेटेको छ। यसका साथै सेवा प्रवाहलाई चुस्त, प्रभावकारी र गुणस्तरीय बनाउँदै तोकिएको निश्चित समयमा सेवा उपलब्ध गराउन क्षतिपूर्ति सहितको नागरिक बडापत्र (Citizen Charter) को समेत व्यवस्था सरकारले गरेको छ।

उल्लिखित सबै व्यवस्था जिम्मेवार पदमा बसेका सार्वजनिक पदाधिकारीलाई आफ्नो जिम्मेवारीप्रति जवाफदेही बनाउँदै जनतालाई सहज रुपमा सेवा उपलब्ध गराउन र मुलुकमा सुशासन कायम गर्न गरिएका हुन्। जसबाट सार्वजनिक जिम्मेवारीमा रहेका अधिकारी आफ्नो कार्यसम्पादनप्रति जवाफदेही हुनुका साथै सार्वजनिक स्रोतसाधनको दक्षतापूर्ण उपयोगबाट जनअपेक्षा पूरा गर्न सकिने, सेवा प्रवाह चुस्त र भरपर्दो हुने, सरकारी निकाय तथा कर्मचारीप्रतिको विश्वसनियता बढ्दै जाने र अन्ततोगत्वा सरकारप्रति जनताको आशा र भरोसा बढ्दै गई जनताबाट सरकारको बैधता र जनविश्वास बढ्दै जान्छ।

कानूनी, नीतिगत तथा संस्थागत रुपमा जिम्मेवारी र जवाफदेहितालाई यसरी सुनिश्चित गरिएको भएतापनि कार्यान्वयन पक्षमा भने हामी अत्यन्तै कमजोर सावित भएको सार्वजनिक निकायको कार्यसम्पादनको निगरानी गर्ने संवैधानिक तथा कानूनी निकायहरू (Oversight Agencies) का वार्षिक प्रतिवेदन र विभिन्न अध्ययन तथा अनुसन्धानले देखाएका छन्। जिम्मेवार पदाधिकारीले समयमा निर्णय नगर्ने, सकेसम्म निर्णय गर्नबाट पछि हट्ने, अनावश्यक रुपमा धेरैतिर राय माग्दै फाईल घुमाउने जस्ता समस्या हाम्रो सार्वजनिक

क्रमशः

प्रशासनका साझा समस्या हुन्। यसका साथै जनताले तोकिएको समयमा तोकिएको शुल्कमा सेवा नपाउने, जनसम्पर्क हुने अधिकांश कार्यालयमा बिचौलिया मार्फत अतिरिक्त शुल्क तिरेरमात्र काम हुने, समयमा चित्तबुझ्दो गुनासो सुनुवाई नहुने समस्या ज्यूँकात्यूँ छन्। नागरिक बडापत्र कार्यालयको भित्तामा सजिएका हात्तीको देखाउने दाँत जस्तो भएको आमनागरिकको गुनासो छ।

यस्तो अवस्थामा समेत जिम्मेवार व्यक्ति जवाफदेही हुनु नपर्ने र जिम्मेवारी पूरा नगरेको कारण कसैमाथि कारबाही भएको बिरलै पाइन्छ। कार्यसम्पादनमा जिम्मेवार व्यक्तिलाई जवाफदेही बनाउने र सेवा प्रवाहमा प्रभावकारिता ल्याउने अस्त्रको रुपमा रहेको अनुगमन र मूल्याङ्कन तर्फ खासै ध्यान गएको देखिँदैन। निगरानी गर्ने निकाय (Oversight Agencies) ले निरन्तर घच्घच्याइरहँदा र विभिन्न अध्ययनबाट सुझाब तथा पृष्ठपोषण प्राप्त हुँदा पनि सुधार तर्फ खासै पाइला अगाडि बढेका छैनन्।

प्रस्तुत सन्दर्भमा नेपालको सार्वजनिक प्रशासनमा जवाफदेहिता (Accountability) र जिम्मेवारी (Responsibility) को विद्यमान अवस्था चिरफार गरी कमी कमजोरीहरू केलाउनुका साथै यस्तो अवस्था आउनुका कारण र यसबाट उत्पन्न समस्या प्रस्तुत गर्नुहोस्। नेपालको सार्वजनिक प्रशासनमा जवाफदेहिता र जिम्मेवारितालाई कसरी प्रवर्द्धन गर्न सकिएला ? मुलुकको वर्तमान अवस्थालाई समेत ध्यानमा राखेर मौलिक र कार्यान्वियनयोग्य सुझाब दिनुहोस्।

८+८+९=२५

४. समाजको हरेक क्षेत्रमा नैतिकता, सदाचार, दया, सहानुभूति, निष्पक्षता जस्ता मानवीय गुणहरूको दिन प्रतिदिन क्षय हुँदै गइरहेको छ। यी गुणहरूको अभावले गर्दा सार्वजनिक क्षेत्रमा कार्यरत प्रशासनिक/राजनीतिक व्यक्तिहरू निजी लाभको लागि ऐन, कानून, प्रक्रिया मिच्ने, अपव्याख्या गर्ने वा शक्तिकेन्द्रको मिलेमतोमा विकास निर्माणका कामको ठेक्कापट्टा होस् वा सार्वजनिक खरिद विक्रीका कामहरूमा व्यक्तिगत लाभ हुने गरी निर्णय गर्दा विवादित भई धेरै ठूला काण्डहरू सार्वजनिक भएका छन्। सार्वजनिक सेवा प्रवाह र प्रशासकीय सुधारमा कमजोर हुँदा नेपाल अझै ग्रे-लिष्टबाट बाहिर निष्कन सकेको छैन।

सर्वसाधारणको सुख, शान्ति र आर्थिक हितको निमित्त समाजमा आर्थिक अनुशासन, नैतिकता र सदाचार कायम राख्न भ्रष्टाचार निवारण ऐन, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग लगायत सुशासन प्रवर्द्धको लागि विभिन्न निकायहरू, संस्थाहरू तथा ऐन कानूनहरू रहेका छन्।

सरकारलाई आवश्यक पर्ने जनशक्ति योग्यता प्रणालीको आधारमा लोक सेवा आयोगबाट छनौट भई नियुक्तिका लागि सिफारिस हुने गर्दछन्। योग्यता प्रणालीको आधारमा लोक सेवा आयोगबाट योग्य, उपयुक्त, राम्रा भनेर सिफारिस भएका तथा सेवामा कार्यरत कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कनमा उत्कृष्ट ठहरिएकाहरू नै विभिन्न भ्रष्टाचारजन्य काण्डमा दोषी ठहर देखिएको आधारमा शुरु छनौट गर्दा होस् वा कार्यसम्पादन मूल्याङ्कन गर्दा कर्मचारीहरूको नैतिकता, सदाचार, करुणा, दया, निष्पक्षता जस्ता वैयक्तिक गुणहरू समेत समावेश गर्नुपर्ने आवश्यकता महसुस हुन थालेको छ।

सूचना प्रविधिको तिब्र विकास र सामाजिक सञ्जालको माध्यमबाट सूचना सबैको पहुँच भित्र हुन पुगेको छ। कुनैपनि निर्णय अध्यारो कोठा (Black box model) भित्र बसेर सम्भव छैन। अहिले समाजमा एक अर्काको मूल्याङ्कनमा नकारात्मकता हावी हुँदै गएको छ। हुँदै नभएका विषयहरू पनि हो जस्तो बनाई सूचना आउने गरेका छन्। सामाजिक अनुशासन भत्किदै छ। सुशासनको लागि सामाजिक अनुशासनलाई महत्त्वपूर्ण मानिन्छ।

माथि उल्लेखित सन्दर्भलाई मनन् गर्दै निम्न प्रश्नहरूको उत्तर दिनुहोस्।

१०+१०+५=२५

(क) सार्वजनिक व्यवस्थापन गर्ने कार्यमा संलग्न प्रशासनिक/राजनीतिक व्यक्तिको वैयक्तिक व्यवहारबाट सुशासनमा परेको प्रभावको समीक्षा गर्दै कस्ता वैयक्तिक गुण एवं व्यवहार सुशासन प्रवर्द्धन लागि उपयुक्त मानिन्छन् ? लेख्नुहोस्।

(ख) कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन गर्दा प्रयोग गर्नुपर्ने नैतिक आचरण (Ethical Behaviour) का सूचकहरू तयार गर्नुहोस्।

(ग) निजामती प्रशासनप्रति विकसित भइरहेको नकारात्मक धारणालाई सकारात्मक बनाउनको लागि गर्नुपर्ने सुधारका उपायहरू लेख्नुहोस्।

«««समाप्त»»»